नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- १८८

मितिः- २०८०/०७/२०

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. संस्थान/९३० मिति २०८०/०७/१५ को आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धी पत्रसाथ प्राप्त कागजात आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

संघीय मामिला महाशाखा

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## संस्थान समन्वय शाखा

## सिंहदरबार, काठमाडौं

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९६४९
दर्ता मिति:- ८/१६

प.सं. :- ०८०/८१

च.नं. :- संस्थान/१३०

मिति :- २०८०/०७/१५

विषयः आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं।

नेपाल दूरसञ्चार प्राधिकरणको प.सं. ०८०/८१-१४३ च.नं. २.१-१०९९ मिति २०८०/०६/१७ को पत्रबाट अति आवश्यक सेवाका रुपमा रहेको इन्टरनेट सेवामा स्थानीय तहहरुले प्रति ग्राहक कर, मनोरञ्जन कर र अन्य करका शीर्षकमा कर उठाउने र सहर सौन्दर्यकरण तथा जोखिम न्यूनीकरणका नाममा समन्वय नगरी तार काटी दूरसञ्चार सेवा अवरुद्ध पार्ने समस्या देखिएकोले तहाँ मन्त्रालयमा पत्राचार गरिदिन अनुरोध भई आएकोले उक्त पत्रको छायाँप्रति प्रति यसैसाथ संलग्न गरी सो सम्वन्धमा आवश्यक सहजीकरणका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

.............................

(वन्दना श्रेष्ठ)

शाखा अधिकृत

बोधार्थः

नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं।

# नेपाल दूरसञ्चार प्राधिकरण
(अनुमतिपत्र व्यवस्थापन शाखा)

प.स.:- अ.व्य.शा.-०८०/८१- ९४२
च.न.:- २१- १०९९

मितिः- २०८०|०६|१७

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः- सिफारिस सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा इन्टरनेट सेवा अति आवश्यक सेवा रहेको अवस्थामा स्थानीय तहहरुले प्रति ग्राहक कर, मनोरञ्जन कर र अन्य प्रकारको करको शीर्षकमा नगरपालिका/गाउँपालिका कर बुझाउन जबरजस्ती गर्दै इन्टरनेट सेवा प्रदायकहरूको सेवा नै अवरुद्ध गरिदिने यसको मारमा सेवाग्राही र अन्ततः राज्यले अवलम्बन गरेको डिजिटल नेपाल र दूरदराजसम्म दूरसंचारबाट जोड्ने नीति नै धराशय हुन जाने रहेको हुँदा स्थानिय तहहरुले एकतर्फी रुपमा मनोमानी ढंगले हरतबरको करहरु (जस्तै प्रति ग्राहक कर) माग गर्ने, दबाब दिने र कर नतिरेको र सहर सौन्दर्यकरण तथा जोखिम न्यूनीकरणका नाममा तार काटी दूरसञ्चार सेवा अवरुद्ध पार्ने कार्यहरु भएको भनि इन्टरनेट सेवा प्रदायकहरुको छाता सगठन ISPAN मार्फत तत्काले यस समस्याको निकासका लागि आवश्यक काम कारवाही गरिदिनु हुन र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत पत्राचार गरिदिनुहुन अनुरोध भई आएको सम्बन्धमा संलग्न बमोजिमको पत्र सहित श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिदिनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

सुनिल खतिवडा
सहायक निर्देशक

बोधार्थः
श्री इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN)
अनामनगर, काठमाडौं ।

राष्ट्रिय नाँचघर,जमल काठमाडौं नेपाल
फोन नं. :- ९७७-१-४२५५४७४ फ्याक्स : ९७७-१-४२५५२५० पो.ब.नं. : १७५४
इ-मेल : info@nta.gov.np, ntra@nta.gov.np, Website : www.nta.gov.np

# Internet Service Provider Association of Nepal

ISPAN

प.सं: ११३-०८०/०८१
च.नं: ९६

मिति: २०८०/०५/३०

श्रीमान् अध्यक्षज्यू,
नेपाल दूरसञ्चार प्राधिकरण,
जमल, काठमाण्डौ।

विषय: स्थानिय तहहरुले अनावश्यक कर तिर्नु पर्ने भनी दबाव दिएको र तार व्यवस्थापनको नाममा अत्यावश्यक इन्टरनेट सेवा अवरुद्ध गरेकोले तत्कालै आवश्यक काम कारवाही गरिपाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा इन्टरनेट सेवा अति आवश्यक सेवा रहेको र इन्टरनेटको पहुँच मानव अधिकार भएको कुरा जगजाहेर नै छ। नेपाल सरकारले नागरिकहरुलाई इन्टरनेटको पहुँच पुर्‍याउन हर सम्भव प्रयास गरिरहेको छ। त्यसैगरी इन्टरनेटलाई Affordable बनाउन नेपाल सरकारले इन्टरनेटमा लाग्ने विभिन्न करहरु घटाउने नीति लिएको छ।

इन्टरनेट क्षेत्र अति आवश्यक सेवा भएकोले यस क्षेत्रको विकास गर्न राज्यका हरेक निकाय (केन्द्रिय, स्थानिय र प्रदेश सरकार) लागि परेको अवस्था रहेको छ। अझ तत् सँग सम्बन्धित कार्य गरी उक्त तहहरुले नागरिकको संवैधानिक अधिकार र मानव अधिकार सुनिश्चित गर्न अग्रसर भएका छन।

स्थानीय तहहरुले प्रति ग्राहक कर,मनोरञ्जन कर र अन्य प्रकारको करको शीर्षकमा नगरपालिका/गाउँपालिका कर बुझाउन जबरजस्ती गर्दै इन्टरनेट सेवा प्रदायकहरुको सेवा नै अवरुद्द गरिदिने कार्य समेत गर्दै आएका छन्। यसका साथसाथै तार व्यवस्थापन कार्यको दीर्घकालिन समाधान पूर्वाधार कम्पनी हो भन्ने कुरा जगजाहेर हुँदाहुँदै र तहाँ नेपाल दूरसंचार प्राधिकरण र संचार तथा सूचना प्रविधि मन्त्रालयले सो कम्पनी ल्याउनको लागि आवश्यक गृहकार्य गरिरहेको अवस्थामा ISPAN ले अल्पकालिन समाधान मार्फत तार व्यवस्थापनमा जोड दिएको कुरा सर्वविदितै छ।

इन्टरनेट सेवा प्रदायकहरुसँग भएका सीमित श्रोतसाधनलाई प्रयोग गरी तार व्यवस्थापन कार्य गरिरहेको अवस्थामा देशभरीका स्थानीय तहहरुले यथार्थ नबुझी कानुनको बर्खिलाप गएर अन्धाधुन्ध तरिकाले सेवा प्रदायकहरुको Data Center, PoP ,Trunk line र नेटवर्कमा ठुलो असर र क्षति पुग्ने गरी, इन्टरनेट सेवा नै अवरुद्द हुने गरी तार काट्ने कार्य तीव्ररुपमा होडबाजीकै रुपमा निरन्तर चलिरहेको कुरा श्रीमान् लाई जानकारी गराउँदछौं।

# Internet Service Provider Association of Nepal

ISPAN

<u>स्थानिय निकायले अनावश्यक कर माग गरेको कारण उत्पन्न भएका समस्याहरु:</u>

उल्लेखित अवस्था प्रति जानकार भएर (वा नभएर) स्थानिय तहहरुले क्षेत्राधिकार, व्यवहारिकता, कानुनको दायरा भन्दा पर गएर अति आवश्यक इन्टरनेट सेवामा <u>नगरपालिका/उपमहानगरपालिका/गाँउपालिका कर</u> भनि कर असुल गर्नका लागि इन्टरनेट सेवा प्रदायकहरुलाई पत्र काट्ने,दूरसंचार उपकरण जफत गर्ने, अनावश्यक दबाब दिने जस्ता कार्य गरिरहेका छन्। यतिमात्र नभई स्थानीय तहले सो कर नतिरेको भनी दूरसञ्चार ऐन, २०५३ लाई चुनौती दिएर इन्टरनेट सेवा अवरुद्ध गरेका तथ्यहरु छन्। उदाहरण धनगढी उपमहानगरपालिकाले इन्टरनेट सेवा प्रदायक ब्रोडलिङ्कको सर्भर डाउन गराई सेवा अवरुद्ध पारेको थियो।

साथै प्रति ग्राहक कर/मासिक कर तिर्न,मनोरञ्जन कर तिर्न भनी स्थानिय तहहरुले लाइन काटेर दबाब दिइरहेको अवस्था छ। उदाहरण भक्तपुर नगरपालिकाले कर नबुझाएको भनि सेवा प्रदायकलाई इन्टरनेट विस्तार गर्न नदिने/Maintenance गर्न नदिने/सेवा प्रदायकहरुका उपकरणहरु लिएर जरिवाना तिराउने जस्ता गैरकानुनी क्रियाकलाप गरेको यथेस्त प्रमाण रहेका छन्। (तत् सँग सम्बन्धित पत्र, प्रमाणहरु यस अघि मिति २०७९/०९/१० को च.नं ६२-०७९/०८० को पत्र मार्फत तहाँलाई बुझाइसकेको छ।)

<u>स्थानिय कर भनी इन्टरनेट सेवामा कर लगाउन नहुने कारणहरु:</u>

- इन्टरनेट सेवा प्रदायकहरुले दूरसचार ऐन २०५३ बमोजिम ग्रामीण दूरसञ्चार विकास कोष (RTDF), दूरसंचार नियमावली,२०५३ बमोजिम Royalty, ब्याण्डविथ आयात बापतको कर, कर्पोरेट आय कर, NSP-ISP लाई ब्याण्डविथ बेच्दा लाग्ने कर, भन्सार कर,मुल्य अभिवृद्दि कर,देखि मनोरञ्जन कर लगायतका विभिन्न करहरु नेपाल सरकारलाई बुझाएकै छन्।
- दूरसञ्चार ऐन/नियमावली,प्रसारण ऐन/नियमावलीले पनि दूरसञ्चार क्षेत्रमा लाग्ने करहरु बारे स्पष्ट गरेको छ।
- दूरसञ्चार क्षेत्रलाई रेखदेख गर्ने, यो क्षेत्रको विकास गर्ने र तत् सँग नियमन गर्ने अधिकार प्राप्त निकाय नेपाल दूरसञ्चार प्राधिकरण नै हो। (दूरसञ्चार ऐन, २०५३ बाट अधिकार प्राप्त निकाय नेपाल दूरसञ्चार प्राधिकरण हो।)
- नेपालको संविधान २०७२ को धारा ११५ ले कानून बमोजिम बाहेक <u>कुनै कर लगाइने वा उठाइने छैन</u> भनी स्पष्ट रुपमा व्यवस्था गरी दोहोरो कर प्रणाली लाई बन्देज गर्ने नीति अवलम्बन गरेको अवस्था छ।इन्टरनेट सेवा प्रदायकहरुले तिरी सकेको कर/राजस्व नेपाल सरकार (केन्द्रिय सरकार) मार्फत स्थानिय सरकारलाई नै जाने हुँदा स्थानिय कर भनी छुट्टै कर असुल गर्न खोज्नु व्यवहारिक र कानुनी रुपमा मुनाशिफ देखिँदैन।
- अति आवश्यक सेवालाई स्थानिय तहले चर्को कर लिनु मुनाशिफ पनि हुँदैन। इन्टरनेटलाई नेपाल सरकारले राजपत्रमा अति आवश्यक सेवा भनी स्थापित गरेको छ। त्यसकारण पनि यो कुरा मुनाशिफ देखिन्न। राज्यको एउटा अति आवश्यक सेवालाई (इन्टरनेट) कर जबरजस्ती लागु गर्न खोज्ने अनि त्यस्तै अर्को अति आवश्यक सेवा उदाहरण: स्वास्थ्य लगाएतका अति आवश्यक सेवालाई कर लागु [illegible]

- प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा यस्ता करको भार उपभोक्तामा नै पर्न जाने भई इन्टरनेट सेवा अत्याधिक महँगो हुने भएकाले राज्यका बिभिन्न निकायका अव्यवस्थित र अव्यवहारिक कर प्रणालीको करहरुले उपभोक्तालाई समेत मारमा पार्ने र उपभोक्ताको हक हित संरक्षण विरुद्ध रहेको छ
- राष्ट्र संघले इन्टरनेटसम्म पहुँचको अधिकारलाई मानव अधिकारको रुपमा स्थापित गरिसकेको अवस्था,नेपाल सरकारले इन्टरनेट सेवालाई अत्यावश्यक सेवा भनी राजपत्रमा प्रकाशन गरिसकेको अवस्था र नेपाल सरकारले अवलम्बन गरेको Digital Nepal Framework को नीती सम्पूर्णमा प्रतिकुल हुन जाने गरी ४७% कर को भार इन्टरनेट सेवामा अत्यन्तै अव्यवहारिक,अदुरदर्शी मात्र नभई कर कानुनका आधारभूत सिद्धान्तका समेत प्रतिकुल रहेको छ।
- एकातर्फ अत्यावश्यक सेवाको रुपमा स्थापना गराई विकासका निमित्त नीति निर्धारण गर्ने र अर्कोतर्फ सुर्तीजन्य,मदिराजन्य पदार्थ जस्ता विलासीताका बस्तुमा निर्धारण गर्नुपर्ने मनोरञ्जनात्मक कर एकै प्रकृतिको विषयवस्तु स्वरुप इन्टरनेटमा समेत धारण गरी सोही प्रकृतिको मनोरञ्जनात्मक कर लगाइएको प्रणालीले राज्यको नीति,कर प्रणालीमा समेत गम्भीर प्रश्न इङ्गीत गर्दछ। यस अवस्थामा इन्टरनेलाई मनोरञ्जनका विषयवस्तुको वर्गबाट उद्धार गरी स्वास्थ्य जस्तो अत्यावश्यक सेवाहरुको वर्गमा स्थापना गराई करको दायरामा लिए मात्र न्यायोचित हुन्छ।
- इन्टरनेट सेवा प्रदायक,उपभोक्ता र नियामक निकाय बीच त्रिकोणात्मक सम्बन्धको तादम्यतामा सन्तुलन कायम गर्ने हेतुले स्थापित इन्टरनेट सेवा प्रदायक संघको मूल नीती Affordability, Accessibility and Stability मा प्रतिकुलता हुन जाने गरी अव्यवस्थित कर प्रणालीको प्रतिफल स्वरुप इन्टरनेटमा दक्षिण एसियामा सबैभन्दा महँगो कर लगाउने राज्यको रुपमा नेपाल भएकोमा इन्टरनेट सेवा सघको मर्ममा गहिरो चिन्तन श्रृजना हुन गएको छ।
- नेपाल दूरसंचार प्राधिकरण,संचार,सुचना तथा प्रविधि मन्त्रालय र अर्थ मन्त्रालय लगायतका संघीय निकायको मातहत दूरसंचार ऐन/नियमावली,आयकर ऐन,मुल्य अभिवृद्दि कर ऐन लगायतका कानुन बमोजिम कर निर्धारण गर्ने व्यवस्था रहेकामा इन्टरनेट सेवा प्रदायकहरुले स्थानिय निकायहरुलाई प्रति ग्राहक कर बुझाउने हो भने सो कुरा विजकमा (Bill Invoice मा) राख्नु पर्ने हुन जान्छ। जसका लागि तहाँ नेपाल दूरसञ्चार प्राधिकरणसँग यस बारे छुट्टै बैठक बस्नुपर्ने समेत हुन जान्छ।

<u>सहर सौन्दर्यकरण तथा जोखिम न्युनीकरणका निमित्त तार व्यवस्थापन सम्बन्धमा</u>

- राज्यको कुनै पनि दूरसचांर पूर्वाधार नभएको र नेपाल विद्युत प्राधिकरणको पूर्वाधारमा निर्भर रहनुपर्ने कारणले दूरसञ्चार,प्रसारण,बिद्युत लगायतका सम्पुर्ण केबल तार अव्यवस्थित रहेकाले स्थानीय तहले कुनै परामर्श र सूचना बेगर मनोमानी ढंगले इन्टरनेट ठप्पै हुने गरी देशका विभिन्न ठाउँमा इन्टरनेट सेवा प्रदायकहरुको तार काट्दै आएको अवस्था छ।
- स्थानीय तहहरु बीचको समन्वयनको अभावले इन्टरनेट सेवा प्रदायक संस्थाहरु स्वयं बैज्ञानिक तबरको तार व्यवस्थापनमा लागिरहेको बेला अनेकौ बाधा व्यवधान श्रृजना भइरहेको अवस्था छ।
- दशकौ देखिको अव्यवस्थित पोल,तार र राज्यको उचित नीतिको अभाव,स्थानीय तहको उचित योजनाको अभावमा श्रोतसाधन कै सङ्कटमा सेवा प्रदायकहरुलाई साह्रै जटिल अवस्था रहेको छ। तार काटिनाले

Internet Service Provider Association of Nepal
ISPAN

यसको मारमा सेवाग्राही र अन्तत: राज्यले अवलम्बन गरेको डिजिटल नेपाल र दूरदराजसम्म दूरसंचारबाट जोड्ने नीति नै धराशय हुन जाने अवस्था रहेको छ।

यो सबै तथ्य, प्रमाण, कानुनी आधार सहित तहाँ प्राधिकरणलाई पेश गर्दै स्थानिय निकायहरुले एकतर्फि रुपमा मनोमानी ढंगले हरतबरको करहरु (जस्तै प्रति ग्राहक कर) माग गर्ने, दवाब दिने र कर नतिरेको र सहर सौन्दर्यकरण तथा जोखिम न्यूनीकरणका नाममा तार काटी दूरसञ्चार सेवा अवरुद्ध पार्ने कार्यहरु दूरसञ्चार ऐन, २०५३ को दफा ४७ लाई आकर्षित गर्दछ भने मानव अधिकार समेत उल्लंघन गर्ने, अति आवश्यक सेवाको मर्म विपरित कार्य भएको हुँदा तहाँ अर्धन्यायिक निकाय नेपाल दूरसञ्चार प्राधिकरण र दूरसञ्चार क्षेत्रको संरक्षण, उपभोक्ताको हित संरक्षण गर्न प्रतिवद्ध नियमनकारी निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई देशभरिको इन्टरनेट सेवा प्रदायकहरुको प्रतिनिधित्व गर्ने ISPAN मार्फत तत्कालै यो राष्ट्रिय समस्याको निकासका लागि आवश्यक काम कारवाही गरिदिनु हुन र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत पत्राचार गरिदिनुहुन श्रीमान् समक्ष सादर अनुरोध गर्दछौं। धन्यवाद॥

भवदीय,

सुधिर पराजुली
अध्यक्ष

नोट: उल्लेखित विषयको सम्बन्धमा आवश्यक कागजातहरु यसैसाथ संलग्न गरिएको छ।

बोधार्थ:

१) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।